# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ )जनकपुरधाम,नेपाल,जेठ१९गते,२०७९साल (पुर्वअतिरिक्ताङ्क३

भाग २

**मधेश प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

## प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक,सुविधा र सेवा सम्बन्धी (दोस्रो संशोधन) नियमावली ,२०७९

प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक,सुविधा र सेवा सम्बन्धी नियमावली ,२०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले उक्त नियमावलीको नियम १४ ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक,सुविधा र सेवा सम्बन्धी (दोस्रो संशोधन) नियमावली ,२०७९" रहेको छ।

(२) यो नियमावली तुरन्त प्रारम्भ हुनेछ।

२. **<u>मुल नियमावलीको नियम ३(१) मा संशोधनः</u>** प्रदेश नीति आयोगका उपाध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक सुविधा र सेवा सम्बन्धी नियमावली, २०७५ (यस पछि मुल नियमावली भनिएको) को नियम ३(१) मा रहेको" **उपाध्यक्ष तथा सदस्यलाई मासिक पारिश्रमिक क्रमशः रु ५६,४९०।-र रु-५३,०००।- दिइनेछ** "भन्ने व्यवस्थाको सट्टा" **उपाध्यक्ष तथा सदस्यहरुलाई मासिक पारिश्रमिक क्रमशः प्रदेश राज्यमन्त्री तथा प्रदेश सहायक मन्त्री सरह दिइनेछ** "भन्ने राखिएको छ।

स्वीकृत मितिः२०७९।०२।१९

आज्ञाले,
शिवनाथ पैडेल
सचिव
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**